# टोल विकास संस्थाले गरीबी न्यूनीकरणमा ल्याएको प्रभाव

## व्यास नगरपालिका-१० का टोल विकास संस्थाको एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र एवं मानवशास्त्र

विभाग पोखरामा स्नातकोत्तर तह (एम.ए.) द्वितीय बर्षको

आठौं पत्रको प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**


शोधार्थी:

कुमार कंचन जि.सी.

क्याम्पस रोल नं. : ८७/०६३

त्रि.वि. दर्ता नं. : ४१२७७–९०

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा


२०७०

टोल विकास संस्थाले गरीबी न्यूनीकरणमा ल्याएको प्रभाव - कुमार कंचन जि.सी. २०७०

## समाजशास्त्र/मानवशास्त्र विभाग

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय पृथ्वीनारायण क्याम्पसअन्तर्गत समाजशास्त्र तथा मानवशास्त्र विभागको स्नातकोत्तर तह दोस्रो वर्ष, आठौँ पत्रको प्रयोजनका लागि क्रमाङ्क ८७/०६३ का छात्र श्री कुमार कंचन जि.सी.द्वारा व्यास नगरपालिका वडा न.१० का टोल विकास संस्थामा आधारित **'टोल विकास संस्थाले गरीबी न्यूनीकरणमा ल्याएको प्रभाव'** सम्बन्धी एक समाजशास्त्रीय अध्ययन शीर्षकको यो शोधपत्र मेरो निर्देशनमा तयार गरिएको हो । यसलाई विभागीय मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................

शोध निर्देशक

शिव थापा

उप-प्राध्यापक

पृथ्वीनारायण क्याम्पस

पोखरा

मिति : २०७०/०८/११

**समाजशास्त्र/मानवशास्त्र विभाग**

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय पृथ्वीनारायण क्याम्पसअन्तर्गत समाजशास्त्र तथा मानवशास्त्र विभागको स्नातकोत्तर तह दोस्रो वर्ष, आठौँ पत्रको प्रयोजनका लागि क्रमाङ्क ८७/०६३ का छात्र श्री कुमार कंचन जि.सी.द्वारा व्यास नगरपालिका वडा न.१० का टोल विकास संस्थामा आधारित **'टोल विकास संस्थाले गरीबी न्यूनीकरणमा ल्याएको प्रभाव'** सम्बन्धी एक समाजशास्त्रीय अध्ययन शीर्षकको कार्यपत्र यसै विभागका सदस्य शिव थापाको निर्देशनमा तयार पारी पेश भएको हुँदा विभागीय मूल्याङ्कन समितिद्वारा स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| ...................... | .............................. | .......................... |
|---|---|---|
| शोध निर्देशक | बाह्य परीक्षक | विभागीय प्रमुख |
| शिव थापा | डा. उमानाथ बराल | शान्ति भुसाल |
| उप-प्राध्यापक | सह-प्राध्यापक | |

मिति : वि.सं. २०७०/८/२१

(6, December 2013 A.D.)

# कृतज्ञताज्ञापन

तनहुँ जिल्लाको सदरमुकाम दमौलीमा २०४९ सालमा स्थापना भएको व्यास नगरपालिका हो । व्यास नगरपालिकाले नगर विकासको नयाँ अवधारणा अनुरुप टोल विकास संस्था गठन गरी गरिबी न्यूनिकरणमा सघाउँदै आएको छ । टोल विकास संस्था गठन गर्नुको मुख्य उद्देश्य नगरबासीको आय आम्दानी लगायत जनचेतनाको अभिबृद्धि गरी गरिबी न्युनिकरण गर्नु हो । जसले टोल सदस्यहरुको क्षमता बृद्धि गर्ने, सचेतनामूलक कार्यक्रम, सीप विकास तालिम, उद्योग संचालन लगायत टोल बचत परिचालन जस्ता कार्य गर्दै आएको छ ।

स्थानीय विकासका लागि स्थानीय समुदाय परिचालन प्रक्रियालाई स्वीकार गरी टोल विकास संस्थाको गठन भएका छन् । त्यस्तै दिनप्रतिदिन बढ्दै गएको शहरी गरिबी न्युनिकरण गर्न र पिछडिएको समुदायलाई आर्थिक अनि सामाजिक रुपमा सवल बनाउन लघु उद्यम र उद्योग सञ्चालनका लागि  आवश्यक तालिम र ऋण प्रदान गर्ने, स्थानीय समुदायलाई बचत कार्यमा उत्प्रेरित गर्ने जस्ता कामहरु प्रत्येक टोल विकास संस्थाहरुमा भएका छन् ।

पृथ्वीनारायण क्याम्पस अन्तर्गत समाजशास्त्र तथा मानवशास्त्र विषयको स्नातकोत्तर आठौं पत्रको प्रयोजनका लागि तयार गरिएको यस शोधपत्रले व्यास नगरपालिकाका टोल विकास संस्थाको पहिचानका साथै शहरी गरिबी न्युनिकरणका बारेमा अध्ययन गर्न खोज्नेहरुलाई सहयोग गर्नेछ भन्ने विश्वास लिएको छु ।

यो शोधपत्र मेरो एक्लो प्रयाशबाट सम्भव नभएकाले विभिन्न व्यक्ति र संस्थाहरुबाट सहयोग र प्रेरणा लिएको छु । यस क्रममा सर्वप्रथम शोधनिर्देशक पृथ्वीनारायण क्याम्पस समाजशास्त्र तथा मानवशास्त्र विभागका उप-प्राध्यापक आदरणीय गुरु श्री शिव थापाज्यूको कुशल निर्देशनले मलाई शोधकार्य सम्पन्न गर्न निकै सजिलो भएका कारण उहाँप्रति अति नै ऋणि छु र हार्दिक कृतज्ञताज्ञापन गर्दछु । विभागीय प्रमुख श्री शान्ती भुसालज्यूप्रति हृदयदेखि कृतज्ञताज्ञापन गर्दछु । यस शोधपत्रको मूल्याङ्कन समितिका आदरणीय गूरुहरुप्रति कृतज्ञताज्ञापन गर्दछु ।

अध्ययन प्रतिवेदन तयार गर्नका लागि मलाई सु-अवसर र सहयोग प्रदान गर्ने यस नगरपालिकाका कार्यकारी अधिकृत श्री रामचन्द्र लामगादे, सूचना तथा तथ्यङ्क संकलनमा

सहयोग गर्नुहुने नगरपालिका गाँउ-नगर साझेदारी शाखाका कर्मचारी र सूचना अधिकारी श्री गोकर्णराज वाग्ले र इन्जिनियर श्री राजु पौडेलप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष श्री चुणमणि दाहाल र बुद्धपार्क टोल विकास संस्थाका अध्यक्ष श्री नन्दबहादुर थापा पनि धन्यवादको पात्र हुनुहुन्छ । क्षेत्र अध्ययनका लागि सहयोग गर्ने टोल सदस्य, उद्यमी, व्यवसायी र अन्य सदस्यहरुप्रति पनि आभार प्रकट गर्दछु । मेरो अध्ययन कार्यमा निरन्तर सहयोग र प्रेरणा प्रदान गर्ने मेरी अर्धाङ्गनी रुपा दाहाल जि.सी.प्रति विषेश आभारी छु ।

अन्तमा, समितिका वाह्य पर्यवेक्षक लगायत विभागिय प्रमुखज्यूहरुले मिति २०७०/८/२१ गते प्रस्तुत शोधपत्रमा प्राप्त सुझावहरुलाई समेत समावेश गरी परिमार्जित शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति पृथ्वीनारायण क्याम्पस पोखराको समाजशास्त्र तथा मानवशास्त्र विभागसमक्ष प्रस्तुत गरेको छु ।

........................

कुमार कंचन जि.सी.

शोधार्थी

समाजशास्त्र तथा

मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस,

पोखरा

# सोधसार

स्थानीय विकास गर्नको लागि स्थानीयस्तरका बासिन्दाहरु कै पहल हुनु जरुरी छ । जबसम्म स्थानीयस्तरमा आफै जागरुक हुदैनन् तबसम्म विकास असम्भव जस्तै हुने भएकाले व्यास नगरपालिका १० मा स्थापना भएका सामाजिक संस्थाको रुपमा गठन भएका टोल विकास संस्थाहरुको भूमिका महत्व पूर्ण हुन्छ । यसका लागि व्यास नगरपालिकाले स्थानीयस्तरको विकास उनीहरुको आय आम्दानीमा बृद्धि, जनचेतनामा अभिवृद्धि लगायत सुशासाका लागि टोल विकास संस्थालाई अत्यधिक रुपमा परिचालन गरेको छ । जसका कारण व्यास १० का टोल विकास संस्थाका सदस्यहरुको चेतनामा सकारात्मक सुधार हुंदै आएको पनि छ । यहि चेतनाको बृद्धिका कारण घर परिवार, टोल वस्ती सरसफाई गर्ने, शिक्षाको पहुचमा बृद्धि गर्ने, आय आम्दानी बृद्धिका लागि विभिन्न पेशा व्यवसाय संचालन गरी आफ्नो आयमा दिनानुदिन बृद्धि गर्न सफल भएका छन् । अध्ययनको क्रममा व्यास १० का टोल विकास संस्थाहरुको स्थलगत रुपमा समूह छलफल लगायत उद्यमी व्यवसायी सदस्यहरुसंग प्रत्यक्ष अन्तरवार्ताको माध्ययबाट टोल विकास संस्थाले गरिबी न्युनिकरणमा पारेको प्रभावको विश्लेषण गरिएको छ ।

टोल विकास संस्थाहरुको बैठक संचालनको प्रकिय, टोल विकास संस्थाको पदाधिकारी चयनको नीति नियम लगायतका जानकारी बुद्धपार्क टोल विकास संस्थाको बैठकमा उपस्थित भई जानकारी लिने कार्य भएको छ । यस अध्ययन गर्नुको उद्देश्य निम्नानुसार रहेको छ :

- व्यास नगरपालिकामा टोल विकास संस्थाको भूमिकाको बारेमा जानकारी पाउने ।
- टोल विकास संस्थाले गरिबी न्युनिकरणका लागि कस्ता कार्यक्रम संचालन गरेका छन् सोको जानकारी पाउने ।
- टोल विकास संस्थाको कार्य संचालन प्रक्रिया कस्तो छ र कसरी कार्य गरेका छन् सोको जानकारी पाउने ।
- व्यास नगरपालिका र टोल विकास संस्था बिचको सम्बन्धको जानकारी पाउने ।

- गरिबी न्युनिकरणका लागि आय आम्दानी बृद्धि, जनचेतना अभिबृद्धि गर्ने जस्ता कार्यक्रमहरुको जानकारी पाउने ।

यसै गरी यस अध्ययन गर्नुको मुख्यमुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन्ः

- टोल विकास संस्थाका सदस्यहरुको गरिबी न्युनिकरणमा ल्याएको प्रभावको अध्ययन गर्नु,
- गरिबी न्यूनीकरणमा देखिएका समस्या र चुनौति खोजी गर्नु,
- टोल विकास संस्थाद्वारा गरिबी न्युनिकरणलाई कसरी प्रभावकारी रुपमा लैजान सकिन्छ भन्ने जानकारी प्राप्त गर्नु ।

व्यास नगरपालिका टोल विकास संस्था गठन पश्चात नागरिहरुमा परेको प्रभावको एक गहिरो अध्ययन गरी यसका समस्याहरु केलाउने र यसले नगरबासीमा पारेको सकारात्मक तथा नकारात्मक दुबै प्रभावको समेत अध्ययनमा विश्लेषण गरी यसलाई अझ प्रभावकारी ढंगबाट संचालन गर्न सकिने सम्भावनाहरुलाई समेत समावेश गरी यसको निर्ष्कष, सुझावहरु यस अध्ययनमा विश्लेषण गर्ने जमर्को गरिएको छ । अध्ययनको क्रममा सूचनादाताहरुलाई सोधिएका प्रश्नावलीहरुको नमूना प्रश्नावली समेत तयार गरी सही र यथार्थ परक सूचना संकलन गर्ने कोशिष गरिएको छ ।

# बिषयसूची


| शीर्षक | पेज नं. |
|---|---|
| आवरण पृष्ठ | i |
| सिफारिस पत्र | ii |
| स्वीकृति पत्र | iii |
| कृतज्ञताज्ञापन | iv |
| शोधसार | vii |
| विषयसूची | viii |
| तालिका सूची | xi |
| चित्र सूची | xii |

**परिच्छेद एक**

| **अध्ययन परिचय** | **१-११** |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमी | १ |
| १.२ समस्याको पहिचान | ४ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अध्ययनको महत्व | ६ |
| १.५ अवधारणाको परिभाषा | ७ |
| १.६ अध्ययनको क्षेत्र र सीमा | ८ |
| १.७ अध्ययनको संगठन | १० |

**परिच्छेद दुई**

| **साहित्यको- समीक्षा** | **१२-२३** |
|---|---|
| २.१ अध्ययनको अवधारणा | १२ |
| २.२ सैद्धान्तिक समीक्षा | १८ |
| २.३ पूर्व अध्ययनको समीक्षा | २१ |

## परिच्छेद तीन


**अनुसन्धान विधि** **२४-२७**

३.१ अध्ययन क्षेत्र छनौटको औचित्यता २४

३.२ अनुसन्धान ढाँचा २५

३.३ तथ्याङ्क संकलनका प्रकृति र स्रोत २५

३.४ समग्र र नमूना छनौट २५

३.५ प्राथमिक तथ्याङ्क संकलन विधि र प्रविधिहरु २६

३.६ तथ्याङ्क विश्लेषण विधि २७


## परिच्छेद चार


**गरीबी न्यूनीकरणका सर्न्दभमा व्यास नगरपालिका** **२८-३३**

४.१ पृष्ठभूमी २८

४.२ स्थानीय स्वायत्त निकायका रुपमा २९

४.३ गरीबी न्यूनीकरणमा ल्याएको प्रभावमा नगरपालिकाको भूमिका ३१


## परिच्छेद पाँच


**टोल विकास संस्थाको संस्थागत कार्य विश्लेषण** **३४-४७**

५.१ विषय प्रवेश ३४

५.२ संस्थाले आत्मसात गरेका मुलभूत मान्यताहरु ३५

५.३ संस्थाका विशेषताहरु ३६

५.४ क्षेत्रगत तथ्य विश्लेषण ३८

५.५ टोल विकास संस्थाको अपरिहार्य र चुनौतिहरु ४५

## परिच्छेद छ

**बुद्धपार्क टोल विकास संस्थाले गरीबी न्यूनीकरणमा ल्याएको प्रभाव र यसको विवरण** **४८-५६**

६.१ परिचय ४८

६.२ टोलबाट सञ्चालित गतिविधिहरु ४९

६.३ बुद्धपार्क टोल विकास संस्थामा गरीबी न्यूनीकरणमा आएको प्रभाव ५१

## परिच्छेद सात

**अध्ययनको सारांश, निष्कर्ष र सुझावहरु** **५७-६४**

७.१ अध्ययनको सारांश ५७

७.२ अध्ययनको निष्कर्ष ५९

७.३ सुझाव ६१

**सन्दर्भग्रन्थी**

**अनुसूचीहरु**

**फोटोहरु**

# तालिका सूची

| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | वडा न. १० अर्न्तगत रहेका टोल विकास संस्थामा रहेका घरधुरी र जनसंख्या विवरण | १० |
| ५.१ | २०६९।०७० मा संचालन गरिएका उद्यम संख्या र रकम परिचालन | ४३ |
| ५.२ | २०६९।०७० मा गरीबी न्यूनीकरणका लागि संचालन गरिएको तालिम | ४३ |
| ५.३ | टोल विकास संस्थाहरुको बचत संकलन र परिचालनको अवस्था | ४४ |
| ६.१ | वृद्धपार्क टोलमा गरीबी न्यूनीकरणका लागि संचालन गरिएको तालिम | ५० |
| ६.२ | वृद्धपार्क टोल विकास संस्थामा संचालन भएका विकास निमार्ण योजनाको विवरण | ५० |
| ६.३ | वृद्धपार्क टोल विकास संस्थामा गरिबी न्यूनीकरणमा भएको प्रभावको विवरण | ५१ |

# चित्र सूची

| चित्र नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| २.१ | असल शासनका विशेषताहरु | १४ |
| ५.१ | टोल विकास संस्थाका विशेषताहरु | ३७ |
| ५.२ | व्यावसायको तथ्य प्रस्तुती | ४० |